# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०९।०९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

मालपोत कार्यालय चावहिलका कर्मचारीहरूको मिलेमतोमा चन्दनकृष्ण कायस्थको नाममा रहेको जिल्ला काठमाडौं, बुढानिलकण्ठ नगरपालिका, साविक विष्णु गाविस वडा नं.-७ ग कित्ता नं. ३२३, ३२५ र ३२९ गरी जम्मा क्षेत्रफल २-८-०-० रोपनी जग्गाको नक्कली जग्गाधनी र जग्गाधनी प्रमाणपूर्जा समेत खडा गरी कार्यालयमा रहेको श्रेष्तामा समेत उनाऊ व्यक्तिको फोटो टाँस गरी गैरकानूनी तरिकाले जग्गाको हकहस्तान्तरण गरेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धानको क्रममा प्राप्त हुन आएका प्रमाण र कागजातहरूको अध्ययन विश्लेषण गरी हेर्दा, चन्दनकृष्ण कायस्थ भन्ने राजु थापा मगर समेतले मालपोत कार्यालय, चाबहिलका कर्मचारीहरूलाई अनुचित प्रभावमा पारी जग्गाको जग्गाधनी दर्ता श्रेस्तामा वास्तविक जग्गाधनीको फोटो उक्काई गैरकानूनी तरिकाबाट आफ्नो फोटो टाँस गरी नक्कली प्रमाणपूर्जा, नागरिकताको प्रमाणपत्र समेत खडा गरी-गराई सोही गैरकानूनी रुपमा खडा गरिएका कागजातहरु समेतको आधारमा अधिकृत वारेसनामा मार्फत पारित राजिनामाको लिखत मार्फत नक्कली जग्गाधनीको नामबाट गैरकानूनी तरिकाबाट जग्गा बिक्री-वितरण तथा खरीद गर्ने कार्यमा प्रत्यक्ष भूमिका निर्वाह गरी आफू समेतलाई गैरकानूनी लाभ हुने र वास्तविक जग्गाधनीलाई गैरकानूनी हानी पुऱ्याउने कार्य गरेको तथा मालपोत कार्यालय, चाबहिलका राष्ट्रसेवक कर्मचारीहरूले आफ्नो पदको दुरुपयोग गरी बदनियतपूर्वक सरकारी कार्यालयमा रहेको लिखत सच्याई-सच्याउन लगाई नागरिकको निजी सम्पत्ती उपभोग गर्ने हक र राज्यले आफ्ना नागरिकको हक-अधिकारसंग सम्बन्धित सरकारी प्रमाण कागजात सुरक्षित राख्नुपर्ने दायित्वबाट बिमुख भई आफू समेतलाई गैरकानूनी लाभ एवम् प्रत्यक्ष फाइदा पुऱ्याउने बदनियतले भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न रहेका देहाय बमोजिमका १६ जना व्यक्तिहरु उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजायको मागदावी |
|---|---|---|---|---|---|
| १ | **कमल प्रसाद तिमल्सिना** | प्रमुख मालपोत अधिकृत | मालपोत कार्यालय चावहिल, काठमाडौं | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १८ को कसुरमा सोही ऐनको दफा १८ बमोजिम सजाय हुन मागदाबी |
| २ | **खगेन्द्र प्रसाद अर्याल** | मालपोत अधिकृत | ,, | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम सजाय हुन मागदाबी |
| ३ | **राम प्रसाद सुवेदी** | मालपोत अधिकृत | ,, | - | ,, |
| ४ | **रञ्जन कुमार खरेल** | नायब सुब्बा | ,, | - | ,, |
| ५ | **जमुना कुमारी श्रेष्ठ** | टाइपिष्ट नायब सुब्बा | ,, | - | ,, |
| ६ | **हरि खड्का** | कार्यालय सहयोगी | ,, | - | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **चन्दनकृष्ण कायस्थ भन्ने राजु थापा मगर** | - | - | रु.६,००,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) र दफा ११ बमोजिम हदैसम्मको सजाय हुन मागदाबी |
| ८ | **सानुभाइ भन्ने सानेभाइ श्रेष्ठ** | - | - | रु.६,००,००,०००।- | ,, |
| ९ | **श्रीकृष्ण बरुवाल** | - | - | रु.६,००,००,०००।- | ,, |
| १० | **भुपाल मोक्तान भन्ने भुपाल सिं तामाङ्ग** | - | - | रु.६,००,००,०००।- | ,, |
| ११ | **ध्रुवप्रसाद भट्टराई** | - | - | रु.६,००,००,०००।- | ,, |
| १२ | **श्रीकृष्ण देवकोटा** | - | - | रु.६,००,००,०००।- | ,, |
| १३ | **प्रदीप प्रसाद गौतम** | - | - | रु.६,००,००,०००।- | ,, |
| १४ | **नवदुर्गा प्रसाद ढुंगेल** | निर्देशक | अर्थ कवच तथा बचत ऋण सहकारी संस्था लिमिटेड, सुन्धारा, काठमाडौं | रु.६,००,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी |
| १५ | **सुरेश कुमार थापा** | प्रबन्ध निर्देशक | ,, | रु.६,००,००,०००।- | ,, |
| १६ | **सनिश सापकोटा** | ट्रेलर | सानिमा बैंक, एकान्तकुना, ललितपुर | रु.६,००,००,०००।- | ,, |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता